आज मिति २०७६/०९/०७ गते सोमबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ७७ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमको प्रस्ताप उपर छलफल गरि निर्णयहरु गरियो।

उपस्थिति

श्री जीत बहादुर राई	माईजोगमाई गा.पा.	अध्यक्ष
श्री सावित्रा भट्टराई	माईजोगमाई गा.पा.	उपाध्यक्ष
श्री याम कुमार कार्की		१ नं. वडा अध्यक्ष
श्री डम्बर बहादुर सुबेदी		२ नं. वडा अध्यक्ष
श्री याम प्रसाद लामा		३ नं. वडा अध्यक्ष
श्री गणेश राई		४ नं. वडा अध्यक्ष
श्री दाताराम सञ्जेल		५ नं. वडा अध्यक्ष
श्री भवानी प्रसाद लिङ्दम		६ नं. वडा अध्यक्ष
श्री कविता राई		सदस्य
श्री मीरा देवि खवास		सदस्य
श्री सोम कुमारी साउदेन		सदस्य
श्री मन कुमारी लिम्बु (आङभाङ)		सदस्य
श्री वीर बहादुर देवान		सदस्य
श्री याम बहादुर विश्वकर्मा		सदस्य
श्री चन्द्र प्रकाश बस्नेत		सदस्य सचिव

अन्य उपस्थिति

श्री मात ब० पौडेल [illegible]

श्री बन्धु राई प्राविधिक [illegible]

श्री वीरध्वज लिम्बु योजना [illegible]

श्री भीम ब० बुढाथोकी [illegible]

प्रस्तावहरु

१. घर नक्सा पास सम्बन्धि कार्यविधि तयार गर्ने सम्बन्धमा ।
२. पर्यटन नीति सम्बन्धमा ।
३. हिउँदे गाउँसभाको मिति र कार्ययोजना सम्बन्धमा ।
४. डिपिआर गर्ने सम्बन्धमा ।
५. गाउँपालिकाको खाता सञ्चालन सम्बन्धमा ।
६. पुर्ण सरसफाई कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
७. वालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
८. डिपिआर प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।
९. परामर्स सेवाको लागी रकम थप गर्न रकमान्तर गर्ने सम्बन्धमा ।
१०. विविध
क. माईबेनी मेला सम्बन्धमा ।
ख. नयाँबजार क्षेत्रमा सिसिटिभि जडान सम्बन्धमा ।
ग. **Lab Assistant** र **IT Officer** सेवा करार सम्बन्धमा ।
घ. राहत रकम उपलब्ध गर्ने सम्बन्धमा ।
ङ. बहुला कुकुर नियन्त्रण सम्बन्धमा ।
च. उपभोक्ता समितिबाट मर्मत कार्य गर्ने सम्बन्धमा ।
छ. कार्यपालिका बैठकमा पेश हुने एजेण्डा सम्बन्धमा ।
ज. खडका गोलाईमा भूसंरक्षण गर्ने सम्बन्धमा ।
झ. भवन भत्काउन अनुमति दिने सम्बन्धमा ।
ञ. प्रतिवद्दता सम्बन्धमा ।
ट. गोलिया सम्बन्धमा ।

निर्णयहरु

१. माईजोगमाई गाउँपालिका क्षेत्र भित्र निर्माण भएका/हुने संरचनाहरुको नक्सा पास गरी संरचना निर्माण गर्ने कार्यलाई व्यवस्थित गर्न घर नक्सा पास सम्बन्धी कार्यविधि तयार गर्नुपर्ने आवश्यकता भएकोले सो कार्य गर्नको लागी गाउँपालिकाको मौजुदा दक्ष प्राविधिक जनशक्ति नभएकोले परामर्श सेवावाट उक्त कार्य सम्पन्न गर्ने निर्णय गरियो । साथै माईजोगमाई गाउँपालिकाको स्विकृत गरेको यातायात गुरुयोजनाले तोकेको सडकहरुको मापदण्डमा नपर्ने गरि संरचनाहरु निर्माणको लागी वडा कार्यालयवाट अनिवार्य सिफारिस लिनु पर्ने निर्णय गरियो ।

२. निहारिका समाज सेवा मञ्च ईलामको सहयोगमा माईजोगमाई गाउँपालिकाको पर्यटन नीति तयार गर्न विभिन्न समयमा गरिएका छलफल, अन्तरक्रिया र गोष्ठिबाट प्राप्त सल्लाह र सुझावलाई समेटी तयार पारिएको माईजोगमाई गाउँपालिकाको पर्यटन नीति २०७६ यस कार्यपालिकाको बैठकबाट सर्वसम्मत स्विकृत गर्ने निर्णय गरियो ।

३. यस आ.ब. २०७६/०७७ को हिउँदे गाउँसभा मिति २०७६/१०/१७ गते तपशिलको कार्ययोजना सहित सभा शुरु गर्ने निर्णय गरियो ।

कार्ययोजना

क्र. सं.	कार्ययोजनाको विवरण	मिति र समय	स्थान	कैफियत
१.	सामाजिक विकास समितिको बैठक	२०७६/९/२२ गते ११ बजे	माईजोगमाई गाउँपालिकाको सभाहल	
२.	आर्थिक विकास समितिको बैठक	२०७६/९/१७ गते ११ बजे	माईजोगमाई गाउँपालिकाको सभाहल	
३.	पूर्वाधार विकास समितिको बैठक	२०७६/१०/३ गते विहान ८ बजे	माईजोगमाई गाउँपालिकाको सभाहल	
४.	सुशासन तथा क्षमता विकास समितिको बैठक	२०७६/९/२२ गते ११ बजे	माईजोगमाई गाउँपालिकाको सभाहल	
५.	वातावरण तथा विपद व्यवस्थापन समितिको बैठक	२०७६/१०/५ गते विहान १० बजे	माईजोगमाई गाउँपालिकाको सभाहल	
६.	राजस्व परामर्श समितिको बैठक	२०७६/९/१८ गते ११ बजे	माईजोगमाई गाउँपालिकाको सभाहल	
७.	विधायन समितिको बैठक	२०७६/१०/६ गते	माईजोगमाई गाउँपालिकाको सभाहल	

४. गाउँपालिकाको महत्वपुर्ण कार्यक्रम तथा योजनाहरुको डिपिआर गर्ने सम्बन्धमा छलफल गर्दा तपशिलको योजनाहरुलाई परामर्श सेवा खर्च शिर्षकमा आवश्यक बजेट व्यवस्थापन गरि विस्तृत परियोजना प्रतिवेदन **(Detailed Project Report)** तयार गर्ने निर्णय गरियो ।

क्रं. सं.	योजनाको नाम	ठेगाना	कैफियत
१.	ढाडेखोला वागवानी ओभाने थुम्के खानेपानी योजना	माईजोगमाई वडा नं. २ र ६	परामर्श सेवावाट गर्ने
२.	चीयावारी खोल्सी मुहान गरी काफ्ले गाउँ पाठक गाउँ खानेपानी योजना	माईजोगमाई वडा नं. ३	परामर्श सेवावाट गर्ने
३.	नामसालिङ मूल खानेपानी योजना (सूँगुरे मूल)	माईजोगमाई वडा नं. ३ र ४	परामर्श सेवावाट गर्ने
४.	फलाटे खानेपानी योजना	माईजोगमाई वडा नं. ६	परामर्श सेवावाट गर्ने

५.	गुप्ति-सुक्रवारे बजार सडक खण्ड स्तरोन्नती योजना	माईजोगमाई वडा नं. १ र ३	परामर्श सेवावाट गर्ने
६.	नयाँबजार अस्पताल डिपिआर	माईजोगमाई वडा नं.१	परामर्श सेवावाट गर्ने

५. यस माईजोगमाई गाउँपालिकाको विभिन्न कोषखाताहरु यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्र प्रकाश बस्नेत र सहलेखापाल श्री प्रदिप नेपाल को संयुक्त दस्तखतबाट सञ्चालन भएकोमा हाल लोक सेवा आयोग ईलाम कार्यालयबाट सिफारिस भई सहायक पाँचौ श्री झुमा निरौला लेखा समुहमा आउनु भएकाले, गाउँपालिकाको सञ्चित कोष लगायत सम्पूर्ण कोषखाताहरु यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्र प्रकाश बस्नेत र लेखा सहायक श्री झुमा निरौलाको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने निर्णय गरियो ।

६. यस गाउँपालिकाको आ.ब. ०७६/०७७ मा पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा कार्यक्रमलाई निम्न वमोजिम गाउँपालिकाबाट कार्यान्वयन हुने गरी वडागत रुपमा वजेट विनियोजन गर्ने निर्णय गरियो ।

निम्न

वडा नं.	विवरण	विनियोजित बजेट	कैफियत
१.	पूर्ण सरसफाई निरन्तरता कार्यक्रम	१ लाख ५० हजार	
२.	पूर्ण सरसफाई उन्मुख वडा घोषणा कार्यक्रम	३ लाख	
३	पूर्ण सरसफाई उन्मुख वडा घोषणा कार्यक्रम	२ लाख ५० हजार	
४	पूर्ण सरसफाई उन्मुख वडा घोषणा कार्यक्रम	२ लाख ५० हजार	
५	पूर्ण सरसफाई उन्मुख वडा घोषणा कार्यक्रम	४ लाख	
६	पूर्ण सरसफाई निरन्तरता कार्यक्रम	१ लाख ५० हजार	

७. यस गाउँपालिकाको आ.ब. ०७६/०७७ मा वाल मैत्रि स्थानीय शासन कार्यक्रमलाई निम्न वमोजिम गाउँपालिकाबाट कार्यान्वयन हुनेगरी वडागत रुपमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

निम्न

क्र.स.	विवरण	विनियोजित बजेट	कैफियत
१.	वालमैत्रि वडा कार्यक्रम वडा नं. ३ र ४	४ लाख ५० हजार	
२.	वालमैत्रि वडा कार्यक्रम वडा नं. ५ र ६	५ लाख	
३	वालमैत्रि वडा कार्यक्रम वडा नं. १ र २	४ लाख ५० हजार	

८. माईजोगमाई गाउँपालिकाको तपसिलका सडक योजनाहरुको श्री न्यु प्लानेट ईन्जिनियरिङ सर्भिसेज प्रा. लि. र श्री सिद्दि विनायक ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. ले तयार गरि पेश गरेको विस्तृत परियोजना प्रतिवेदन को ड्राफ्ट रिपोर्ट माथी छलफल भयो । छलफल पछि प्राप्त निम्न सुझावहरुलाई समेटी अन्तिम प्रतिवेदन तयार पेश गर्ने निर्देशन दिने निर्णय गरियो ।

निम्न

क्र.सं.	योजनाको नाम	ठेगाना	प्राप्त सुझाव	कै.
१.	ईनपा बज्रदेवी हात्तिटार चार वरपिपल शुक्रवारे चित्रे नयाँबजार सडक स्तरोन्नती	वडा नं. ४, ३ र १	१. सडकको राईट अफ वे १६ कायम गर्ने २. योजनाको ठेगाना मा क्रमश वडा नं. ४, ३ र १ हुनुपर्ने	
२.	स्यालढुंगा सरस्वती मावि सोमगोलाई हर्रापाखा वममाया गोलाई कृष्ण गोलाई पिङ गोलाई अर्चले पुल ईनपा सडक स्तरोन्नती	वडा नं. ४, ३ र १	१. सडकको राईट अफ वे १६ कायम गर्ने २. योजनाको ठेगाना मा क्रमश वडा नं. ४, ३ र १ हुनुपर्ने ३. आवश्यक निर्माण सामग्री उपलब्ध भएको बजार विर्तामोड हुनुपर्ने	

९. माईजोगमाई गाउँपालिकाको आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रम तथा बजेट पुँजिगत तर्फको समपुरक कोष शिर्षकबाट पुँजिगत अनुसन्धान तथा परामर्श खर्च शिर्षक तर्फ २५ प्रतिशतमा नवढने गरी जम्मा रु २५ लाख रकमान्तर गरी माथिको निर्णय नं. ४ मा उल्लेखित योजना तथा कार्यक्रम तथा अन्य निर्णय भएका योजनाहरु को परामर्श सेवा प्रदायक फर्म तथा संस्थाहरुबाट विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

१०. विविध

क. यस वर्षको माईवेनी धामको मेला स्थानीय संघ/संस्था/समिति सँग समन्वय गरी सञ्चालन तथा व्यवस्थापन गर्ने साथै गत साल र यस वर्षको मेला वापत प्राप्तहुने राजस्व असुल उपर गर्ने/गराउने जिम्मा वडा नं ४ को वडा कार्यालयलाई दिने निर्णय गरियो ।

ख. नयाँबजार क्षेत्र गाउँपालिकाको केन्द्रमा रहेको नयाँबजार क्षेत्रलाई सुरक्षित र व्यवस्थित गर्न वजार क्षेत्रमा सिसिटिभि जडान गर्ने पर्ने भएकोले उक्त कार्यको लागी स्टिमेट गरि उपयुक्त शिर्षकबाट वजेट व्यवस्थापन गरि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

ग. गाउँपालिकाको लागी आवश्यक निम्न बमोजिमको लागी आई टि अफिसर र ल्याव टेक्निसियन नियमानुसार सेवा करारवाट नियुक्तिको लागी प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

क्र सं	पद	माग संख्या	तोकिएको स्थान	कैफियत
१	आई टि अफिसर	१	गाउँपालिकाको कार्यालय	सेवा करार र नियमानुसार पिएलजिएसपि वाट ७५ र गाउँपालिकाबाट २५ प्रतिशत तलव सुविधा व्यहोर्ने गरी
२	ल्याव टेक्निसियन	१	प्राथमिक स्वास्थ्य केन्द्र प्याङ	सेवा सुविधा गाउँपालिकाको नियमानुसार र सेवा करार शिर्षक बाट व्यहोर्ने गरी

घ. गाउँपालिकामा स्थायी वसोवास गर्ने तथा विपद पिडित तपशिलको व्यक्ति तथा परिवारलाई राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

क्र सं	व्यक्ति तथा परिवारको नाम	ठेगाना	विपदको प्रकृति	राहत रकम रु	कैफियत
१	पदम बहादुर थामी	माईजोगमाई व्रडा नं २	आगलागी	रु २००००/- वीस हजार (विपद व्यवस्थापन कोष वाट व्यहोर्ने गरी)	प्रहरी सर्जिमिन मुचुल्का र वडा सिफारिस

ङ. यस गाउँपालिकाको क्षेत्रमा भुस्याहा कुकुरहरुको संख्या वढेको तथा जथाभावी रुपमा उक्त कुकुरहरुले टोकेको गुनासो आएकोले सम्बन्धित कुकुर धनिले आफ्नो कुकुरलाई पहिचान खुल्नेगरी वाँधेर पाल्न स्थानीय एफ एम बाट सूचना प्रचार प्रसार गर्ने साथै भुस्याहा कुकुरहरु लाई नियन्त्रण गर्न ईलाका प्रहरी चौकी नयाँबजारको पहल र वजार व्यवस्थापन समितिको सहकार्यमा भुस्याहा कुकुरको नियन्त्रण र व्यवस्थापन गर्न निर्देशन दिने निर्णय गरियो ।

च. सडक वोर्ड नेपालको स्थानीय सडक मर्मत सम्भार कार्यक्रम अन्तर्गत स्विकृत निम्न सडक खण्ड उपभोक्ता समिति मार्फत योजना सम्पन्न गर्ने निर्णय गरियो ।

क्र.सं.	योजनाको नाम	स्विकृत बजेट	कार्यान्वयन प्रकृया	कै.
१.	सूनपा आरुवोटे हाईड्रो टारी हात्तिटार सडकको सेतीखोला मानचोक टारी सडक खण्ड	७ लाख	उपभोक्ता समिति मार्फत	

छ. गाउँ कार्यपालिकाको बैठकमा पेश हुने कुनै पनि प्रस्ताव माईजोगमाई गाउँकार्यपालिका बैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७४ को अनुसूचि १ मा भएको प्रस्तावको ढाँचा बमोजिम तोकिएको समयमा पेस भई स्वीकृत प्रस्तावहरु मात्र छलफलका विषयमा समावेस गराउने निर्णय गरियो ।

ज. साविक सोयाङ २ खड्का गोलाई मलुपोखरी आ.वि. थरी गाउँ सडक खण्डको देउसाली खोल्सामा तार जाली लगाउने काम सम्बन्धी योजनाको लागी पेश भएको प्राविधिक स्टीमेट बमोजिम रु ६ लाख गाउँपालिकाबाट पूँजीगत तर्फ विनियोजन भएको वन तथा भू संरक्षण शिर्षकबाट खर्च व्यहोर्ने निर्णय गरियो ।

झ. श्री सरस्वती आ.वि. माईजोगमाई १ नयाँबजारले विद्यालयको क्षति ग्रस्त भवन हटाउनको लागी पेश निवेदन, विव्यसको निर्णय, वडामुचुल्का, र प्रविधिक शाखाले पेश गरेको प्रविधिक प्रतिवेदनको आधारमा उक्त जिर्ण भएको भवन नियमानुसार भत्काउन अनुमति दिने निर्णय गरियो ।

ञ. यस माईजोगमाई गाउँपालिकाको मिति २०७६/८/१० गते बसेको गाउँ कार्यपालिकाको ७४ औं बैठकको निर्णयानुसार श्री अमर कल्याण मा.वि. नयाँबजार १ लाई प्राविधिक तथा व्यवसायिक धार अन्तर्गत कम्प्युटर ईन्जिनियरिङ विषयको कक्षा सञ्चालन शैक्षिक सत्र २०७७ बाट सञ्चालन गर्नको लागी सहमति दिईएकोमा उक्त कार्यक्रम सञ्चालनको लागी आवश्यक सहयोग नियमानुसार गर्ने प्रतिवद्धता जाहेर गरियो ।

ट. गोलिया व्यवस्थापन सम्बन्धमा छलफल गर्दा गाउँपालिकाको सडक क्षेत्राधिकार भित्र अनाधिकृत रुपमा रहेको गोलियाहरुलाई हटाउन वन पैदावार व्यवसायीहरुलाई ३ दिनको म्याद दिई हटाउन सूचना गर्ने । उक्त कार्यको अनुगमन गर्नको लागी अनुगमन समितिका संयोजक श्री सावित्रा भट्टराईको संयोजकत्वमा निम्न व्यक्तिहरु रहने निर्णय गरियो।

अनुगमन समिति संयोजक	संयोजक
प्रमुख प्रशासकिय अधिकृत	सदस्य
सम्बन्धित वडाका वडाध्यक्ष	सदस्य
योजना शाखा ईकाई प्रमुख	सदस्य
सव डिभिजन बन कार्यालयको प्रमुख/प्रतिनिधि	सदस्य
ईलाका प्रहरी कार्यालय ईन्चार्ज वा प्रतिनिधि	सदस्य
हेवि ईक्विपमेन्ट सञ्चालन तथा व्यवस्थापन समितिका संयोजक	सदस्य
प्रविधिक शाखा प्रमुख	सदस्य